# नेपाली दलित आन्दोलनको समाजवादी कार्यदिशा
# दलित संसदबाट जारी काठमाडौं घोषणा पत्र २०८०

**प्रस्तावना**

सयुक्त राष्ट्र संघको वडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणपत्र (१९४८), नागरिक र राजनैतिक अधिकारको प्रतिज्ञापत्र (१९६६), सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकार प्रतिज्ञापत्र (१९६६), सबै प्रकारका जातीय विभेद उन्मुलनसम्वन्धी अन्तराष्ट्रिय महासन्धि (१९६५), महिलामाथि हुने सबैप्रकारका भेदभाव उन्मुलन अभिसन्धि (१९७९), बालअधिकार सम्वन्धि महासन्धि (१९८९), अन्तर्राष्ट्रिय मानवीय कानुन (१९४९), दासत्व महासन्धि (१९२६) ले प्रदत्त गरेको मानवअधिकारका प्रावधानहरु दलितहरुका हकमा कार्यान्वयन नहुनु र जातीय भेदभाव र छुवाछूतका घटनाहरु निरन्तर घटिरहनुको स्थितिलाई गंभिरताका साथ लिदै, राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको आयोजनामा २०६० देखि हालसम्मका दलित संसदका ऐतिहासिक महत्वका घोषणा तथा निर्णयहरुको कार्यान्वयनप्रति दृढ रहदै **"जातीय छुवाछूत तथा भेदभाव विनाको अर्को नेपाल संभव छ। आउनुहोस निर्माण गरौं"** भन्ने मूल नाराकासाथ यही २०८० फागुन ५ गते नेपाललगायत विश्वभरिका समाजवादी आन्दोलनका प्रगतिशील व्यक्तिहरुको उपस्थितिमा सम्पन्न **दलित संसद**बाट यो काठमाडौं घोषणा पत्र जारी गरेका छौं ।

**यो दलित संसद,**

**"अर्को विश्व सम्भव छ"** भन्ने मूल नाराकासाथ यहि २०८० फागुन ३ देखि ७ गते (२०२४ फेब्रुअरी १५ देखि १९) सम्म विश्वभरका ९२ देशका १२५२ वटा संस्था तथा समूहहरु १३ वटा मूल विधामा आधारित भएर ठूला साना गरी ४०० बढी कार्यक्रमहरु स्वआयोजकका रुपमा हजारौंको सहभागितामा नेपालमा पहिलो पटक सम्पन्न भइरहेको विश्व सामाजिक मञ्चको १६औं संस्करणको सन्दर्भमा गौरवबोध गर्दै,

विश्व अर्थ-राजनीतिसित जोडिएका सवालहरुमा बन्ने नीति, नियम, योजना, कार्यान्वयन तह तथा अन्य सबै प्रक्रियाहरुलाई श्रमजिवी दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक विशिष्टताका आधारमा पुर्नमूल्यांकन गर्न माग गर्दै आज विश्वव्यापीरुपमा विद्यमान आर्थिक संकट, महामारी संकट तथा जलवायु संकट र वर्गीय, क्षेत्रीय, लैङ्गिक र जातीय छुवाछूत तथा विभेदप्रति विश्वभरिका सरकारहरुको गम्भिर ध्यानाकर्षण गर्दै, यो दलित संसद विश्वभरिका श्रमजीवि दलितहरुसित जोडिएका मुद्धाहरु सम्बोधन गर्न राज्यलाई दवाव सृजना गर्ने उद्देश्यले विश्व सामाजिक मंचमार्फत व्यक्त मानवअधिकार सामाजिक न्यायसंग सम्बन्धित मुद्दाहरुप्रति ऐक्यबद्धता पकट गर्दै,

नेपालको राष्ट्रिय सभाबाट पारित दलित सम्बन्धी १६ बुंदे संकल्प प्रस्ताव, मुक्त कमैया, कम्लरी, हलिया तथा हरवाचरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन २०७८, कमैया श्रमिक (कमैया, कमलरी, हलिया तथा हरवाचरवा) पुन:स्थापना कार्यविधि तथा कार्ययोजना २०७९ र बाध्यकारी श्रम (निषेध र पुन:स्थापना गर्ने) सम्बन्धी विद्येयक २०७९ तथा हालै संयुक्त राजनीतिक दलित संघर्ष समितिबाट अघि सारिएका २१ बुंदे मागहरु सम्बन्धी संकल्प तथा सार्वजानिक महत्वको प्रस्तावहरु पारित गर्दै यस दलित संसदबाट नेपालका सम्पूर्ण दलितहरु तथा विश्वभरिका श्रमजीवि समुदायका तर्फबाट आफ्नो गम्भिर सरोकार व्यक्त गर्न चाहन्छौं ।

**विश्व समुदाय समक्ष**

१. साम्राज्यवाद, नवउदारवाद, भूमण्डलीकृत वित्तीय पूँजीवाद, जलवायु सङ्कटलगायतका कारण उत्पन्न सबैप्रकारका विभेद तथा हिंसा, बहुपक्षीय गरिबी, चरम असमानता, जातीय छुवाछूत तथा रंगभेद, नश्लभेद, लैंगिकता तथा यौनिकताका आधारमा हुने विभेदकाविरुद्ध विश्वभरका सामाजिक आन्दोलन र नागरिक सङ्गठनहरुको सामूहिक हस्तक्षेपप्रति ऐक्यबद्धता प्रकट गर्दै, आजको विश्वव्यवस्थाले अंङ्गिकार गरेको नीति र संरचनाहरुले सृजना गरेका नकारात्मक प्रभावकाबारेमा आलोचनात्मक वहस गर्दै वैकल्पिक सोच र विचारहरु निर्माण गर्न र नयाँ विश्वव्यवस्था र तदअनुरुपका नीति-संरचनाहरु निर्माण गर्न माग गर्दछौं ।

२. आजको पूजीवादमा नाफाखोरहरू विश्वव्यापी संकटलाई नै बेचेर सम्पत्ति थुपारिरहेका छन्। गाउँबाट सहरतिर हुने आन्तरिक आप्रवासन अहिले गरिव देशबाट विकसित देशतिर सरिरहेको छ। विश्वका सीमित मानिसका हातमा जसरी धन, प्रविधि र शक्ति केन्द्रित हुदैछ, विश्वमा मानवता, स्वतन्त्रता, स्वाभिमान र समृद्धिको स्थान सबैभन्दा उच्च राख्न आव्हान गर्दछौं ।

३. दक्षिणपन्थी अतिवादी शक्तिहरू विभिन्न बहानामा लोकतान्त्रिक प्रक्रिया, समाज र विश्वको हितलाई कमजोर पार्दै विश्वभर सैनिकीकरण, शरणार्थी समस्या, आप्रवासन र बेरोजगारी, युद्ध र द्वन्द्व बढाई आफ्नो निहित स्वार्थ पूरा गर्न हरसम्भव प्रयासरत छन्। रुस-युक्रेन युद्धदेखि इजरायल-हमास युद्धको नरसंहारको कारण विश्वव्यापी देखिने संकटप्रति ख्याल गर्दै न्यायिक विश्वका लागि विश्वव्यापी रूपमा खबरदारी गर्न आव्हान गर्दछौं ।

४. आजको विश्वव्यवस्थाले अंगीकार गरेका नीति र संरचनाहरूले सृजना गरेका नकारात्मक प्रभावका वञ्चितिकरणमा पारिएका किसान, मजदुर, महिला, दलित, आदिवासी, मुश्लिम, युवा, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, महामारीको चपेटामा परेका नागरिकलगायतका सीमान्तकृत समुदायको हकअधिकारको लागि पुनर्वहालीको लागि एकजूट हुन आव्हान गर्दछौं ।

५. आज वातावरण प्रतिकूल गरिएको विकास सृजित जलवायु परिवर्तनको प्रभाव गरिब देशहरूमा चर्को परेको छ। धनी देशहरूले शोषण, दमन र हैकमवादी नीतिका कारणले स्रोत, साधन र अवसरहरूको अत्यधिक केन्द्रीकरण हुंदा गरिब देशका नागरिक विभिन्न माध्यमबाट समस्यामा जेलिँदै जाने तर सीमित मात्राका कर्पोरेट हाउस मौलाउँदै जाने गरेको तथ्य हाम्रा सामु स्पष्ट छ । यसैले, सबैको पहुँच हुने, समतामूलक, सामाजिक न्यायमा आधारित मानव मर्यादासहितको नयाँ विश्वव्यवस्थाको परिकल्पनाका लागि योजनाबद्ध रूपमा अघि बढ्न आव्हान गर्दछौं ।

६. विश्वमा जात, वंश र जन्मका आधारमा हुने विभेद, वर्णव्यवस्था र जात-व्यवस्थाको असर, रंगका आधारमा हुने विभेद, वञ्चितीकरण, जलवायु परिवर्तन, विपत र असमानताले दलित तथा सीमान्तकृत समुदायमा पारेको प्रभावबारे सकारात्मक बहस मार्फत श्रमजीवि दलित समुदायका पक्षामा नीति बनाउन विश्वभरिका सरकार समक्ष माग गर्दछौं ।

७. हामीले चाहेको न्याय, समानता, स्वतन्त्रता र मानव मर्यादासहितको शान्त विश्व, त्यहाँको शासन व्यवस्था, अर्थव्यवस्था, सामाजिक प्रणाली र नागरिकको गुणस्तरीय जीवनस्तर सम्बन्धमा स्पष्ट खाका तयार गर्दै सोको प्राप्तिका लागि संघर्षको ठोस योजना सहितको रणनीति तयार गर्न विश्व सामाजिक मञ्च समक्ष माग गर्दछौं ।

८. नेपालमा अझै १५.१ प्रतिशत मान्छेहरू गरिबीको रेखामुनि छन्। अर्थात, ४५ लाख मान्छे अझै खाना, नाना र छानाको सकसमा छन् । जो दैनिक १.९० अमेरिकी डलरभन्दा कम आम्दानी गर्छन् । अझै १५ लाख मान्छे विद्युतको पहुँच बाहिर छन्। सन् २०१६ मा गरिएको खाद्य सुरक्षा सम्बन्धी

सर्वेक्षण अनुसार, नेपालमा अझै ४६ लाख मान्छे खाद्य सुरक्षाको जोखिममा छन्। अझैं लगभग १० लाख बालबालिका निकृष्ट श्रममा छन् । ४० प्रतिशत नागरिकलाई अझै स्वास्थ्य सेवा सर्वसुलभ छैन। वार्षिक १० लाख मान्छे कामको खोजीमा भारत र अन्य देश जान्छन् । देशमा बेरोजगारी छ, न्यापूर्ण विकास छैन, जातीय तथा क्षेत्रीय विभेद चर्को छ, भ्रष्टाचार तीव्र छ, राज्य न्यायपूर्ण, समावेशी र लोकतान्त्रिक बन्न सकेको छैन। यस्तो अवस्थामा 'न्यायपूर्ण र समृद्ध नेपाल तथा लोकतान्त्रिक, समतामूलक, समावेशी, भ्रष्टाचारमुक्त नेपाल जहाँ कोही भोको नहोस, कोही नांगो नहोस, कोही घरबारविहीन नहोस, सबैले काम पाउन, जात, धर्म, वर्ण, लिंग, क्षेत्रका आधारमा कसैले पछाडि बस्न नपरोस, सबैलाई स्वतन्त्रता र स्वाभिमान मिलोस भन्ने संकल्प गर्न विश्वसमुदाय समक्ष प्रतिबद्धता जाहेर गर्न माग गर्दछौं ।

९. विश्वभरिमा विभिन्न नाममा संबोधन गरिने जातीय विभेदको शिकार भएका दलितलगायतका समुदायको सामुहिक पहिचान खुल्ने गरी संयुक्त राष्ट्र संघमार्फत दलित सम्बन्धी प्रोटकल वा घोषणा पत्र पारित गर्न माग गर्दछौं ।

**नेपाल सरकार समक्ष**

१०. नेपालका राज्यका जनप्रतिनिधिमुलक, संवैधानिक तथा अन्यप्रशासनिक क्षेत्रलगायत सम्पूर्ण निकायहरुमा दलित जनसंख्याको आधारमा अनिवार्य रुपमा कम्तिमा २० प्रतिशत संवैधानिक वैज्ञानिक आरक्षणको व्यवस्था गर्न माग गर्दछौं । साथै, दलित समुदायभित्र मधेसी, नेवारी र कर्णाली दलित, वादी तथा दलित महिलाहरुको संरक्षण, सशक्तिकरण तथा विकासका लागि "आरक्षणभित्रको आरक्षण" को नीति लागु गर्न माग गर्दछौं ।

११. उच्चस्तरीय भूमिअधिकार आयोगका सिफारिशहरुलाई कार्यान्वयन गर्दै दलितहरुका भूमिसंग जोडिएका सम्पूर्ण सवालहरुको समाधान गर्न परम्परागत कृषि प्रणालीमा सुधार सहितको क्रान्तिकारी भूमिसुधारको प्याकेज निर्माण गरि भूमिमाथि दलितहरूको स्वामित्व सुनिश्चित गर्न उपयुक्त नीति निर्माण गरि प्रभावकारी कार्यन्वयन गर्न माग गर्दछौं ।

१२. नेपालको संविधानमा व्यवस्था गरिएको समानुपातिक समावेशीताको सिद्धान्तबमोजिम दलित समुदायलाई सङ्घ, प्रदेशसभा र स्थानीय तहमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुने गरी संविधान संशोधन गर्न र सोही अनुसारको 'दलित सम्बन्धी एकीकृत कानुन' निर्माण गर्न र दलित समुदायको समग्र विकासको लागि 'दलित विकास प्राधिकरण' गठन गर्न माग गर्दछौं ।

१३. दलित महिलामाथि हुने सवै खाले हिंसाको विरोध गर्दै दलित महिलाहरुको हरेक क्षेत्रमा सहभागिता गराउँदा आम महिलामा ५० प्रतिशत वैज्ञानिक आरक्षणको व्यवस्था गरी त्यसभित्र २० प्रतिशत दलित महिलाको निमित्त संवैधानिक र कानूनी व्यवस्था गर्न माग गर्दछौ ।

१४. वादी समुदायमाथिको राजनीतिक, आर्थिक तथा सामाजिक-सांस्कृतिक उत्पीडनको समूल अन्त्य गर्दै वादीअधिकार आन्दोलन र सरकारवीच भएको सम्झौता मुताविक वादी समुदायको समग्र विकासको योजना बनाई कार्यान्वयन गर्न माग गर्दछ ।

१५. जातीय छुवाछूत तथा भेदभावका कारण दलित समुदायमाथि हुने सार्वजनिक बेइज्जती, बलात्कार, हत्याहिंसा, कुटपिट, सार्वजनिक नाकाबन्दी र बहिष्कारलगायतका मुद्दामा शुन्य सहनशिलताको नीतिका आधारमा फास्ट ट्र्याकको विधिबाट हल गर्न र जातीय छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन-२०६८ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पर्याप्त बजेटको व्यवस्था गरी सबै प्रहरी कार्यालयहरूमा छुवाछुत-विभेद विषयमा छुट्टै दलित सेलको स्थापना गर्न माग गर्दछ ।

१६. राष्ट्रिय दलित आयोगलाई पर्याप्त स्रोत साधनसहित शक्तिशाली बनाउँदै नेपालको संविधानमा नै व्यवस्था भएअनुसार आयोगको सबै प्रदेशमा शाखा कार्यालय खोल्ने, दलित समुदायको समग्र विकास तथा सशक्तीकरणका लागि सङ्घ र प्रदेशका सबै मन्त्रालयहरूमा दलित विकास महाशाखा तथा स्थानीय तहका सबै पालिकाहरूमा 'दलित विकास शाखा' स्थापना गर्न माग गर्दछ ।

१७. काठमाडौंको विजेश्वरीस्थित समाज विकास छात्रावासलाई केन्द्रीय छात्रावासको रुपमा स्तरोन्नति गर्दै दलित महिला छात्रावासको समेत व्यवस्था गर्न र दलित समुदायका विद्यार्थीहरूका लागि सबै प्रदेशका मुख्य शहरहरूमा छात्रावासको व्यवस्था गर्न माग गर्दछ ।

१८. दलित समुदायमा भएको सीप, कला र क्षमता राज्यको सम्पत्ति भएको र सो जनशक्ति अनुभवी इन्जिनियर नै भएको हुनाले यसको भरपुर उपयोग गर्दै संरक्षण र सम्बर्द्धन गर्नको लागि 'वहुउद्देश्यीय सीप तथा कला प्राविधिक शिक्षालय' स्थापना गर्न माग गर्दछ ।

१९. नेपाली समाजबाट सामन्तवादको अन्त्य भएको घोषणा गरिएपनि सामन्तवादका अवशेषका रुपमा रहेका खलो-प्रथा, डोलीप्रथा, हलियाप्रथा, हरवाचरवाप्रथाबाट प्रभावित दलित जनसंख्यालाई तत्काल पुनःस्थापना गरी वैकल्पिक रोजगारी सहितको आत्मनिर्भर उत्पादनको व्यवस्था गर्न माग गर्दछ ।

२०. नेपाली राजनीतिमा हावी हुँदै गएको उग्रदक्षिणपन्थी र लोकप्रियवादी शक्तिले समाजमा अनावश्यक भ्रम सिर्जना गर्दै प्रतिगमनतर्फ लैजाने र समाजवादी आन्दोलनलाई कमजोर बनाउन उद्धत प्रतिक्रियावादी र जातीवादीहरुका विरुद्ध एकजूट भएर समाजवादी आन्दोलनलाई अझ सशक्त बनाउन प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धीको लागि संघर्ष गर्दै समाजलाई थप न्यायमूलक र समतामूलक बनाउन प्रगतिशील र जनताका आन्दोलनहरूलाई एकताबद्ध गर्न आव्हान गर्दछौं ।

२१. नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा गठीत मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन २०७९ अक्षरसः कार्यान्वयन गर्न, कमैया श्रमिक (कमैया, कम्लरी, हलिया तथा हरवाचरवा) पुनःस्थापना कार्यविधि तथा कार्ययोजना २०७९ र बाध्यकारी श्रम (निषेध र पुनःस्थापना गर्ने) सम्बन्धी विद्येयक २०७९ तत्काल पारित गरी लागू गर्न माग गर्दछ ।

२२. सबै किसिमका जातिवाद, जातीय विभेद तथा जातका आधारमा गरिने छुवाछूत व्यवहारको घोर निन्दा गर्दै जातका आधारमा गरिने कुनै पनि किसिमका भेदभाव तथा छुवाछूतजन्य व्यवहारहरु वैज्ञानिक दृष्टिले गलत, सामाजिक दृष्टिले निन्दनीय तथा खतरनाक र कानूनी दृष्टिले दण्डनीय भएको कुरा आत्मसात गर्दै नेपाल सरकारले जेष्ठ २१ गते गरेको छुवाछूत मुक्त राष्ट्र घोषणा गरिएको दिनलाई दलित अधिकार दिवसको रुपमा घोषणा गर्न र सन २०२४ देखि २०३४ सम्मको दशकलाई 'दलितअधिकार दशक' (Dalit Rights Decade) घोषणा गर्न माग गर्दछ ।

२३. राष्ट्रिय भूमि आयोगको गठन आदेश बमोजिम भुमिहिन सुकुम्बासीका लागि कार्य प्रारम्भ गर्दा हरवाचरवालाई पहिलो प्राथमिकतामा राख्न, भुमिहिन सुकुम्बासीहरुको लगत संकलन र प्रमाणीकरण गर्दा हरवाचरवालाई विशेष समुदायका रुपमा परिभाषित गर्दै यथासंभव उनीहरु बस्दै आएको र उपभोग गरेकै स्थानमा कम्तिमा २ कठ्ठा आवासको लागि र ८ कठ्ठा खेतीपातिका लागि नघट्ने गरी जग्गा प्रदान गर्न माग गर्दछौं ।

२४. एक श्रमिक परिवार : एक रोजगारको नारालाई व्यवहारमा लागू गर्न एक श्रम बैंकको स्थापना गर्न, कृषि मजदूरहरुको दीगोपनका लागि एक श्रमिक भलाई कोषको स्थापना गर्न माग गर्दछौं ।

२५. विश्व सामाजिक मंचको तेस्रो दिन आयोजित दलित संसदमा स्वदेश तथा विदेशबाट उपस्थित भई महत्वपूर्ण बक्ताको रुपमा आफ्ना महत्वपूर्ण विचारहरु व्यक्त गर्नु भएकोमा सबै बक्ताहरुलाई धन्यवाद ज्ञापन गर्दै उहाँहरुका विचारहरुलाई यो संसद सम्पतिका रूपमा स्वामित्व ग्रहण गर्दछ ।